नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार,काठमाण्डौ ।

(मासिक मिट द प्रेस कार्यक्रममा २०७१ साल चैत्र ३० गते सोमबार प्रस्तुत)

**यस मन्त्रालय र मातहतका निकायबाट भएका क्रियाकलापको सार संक्षेप**

- वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग,ऐन,२०७१ को दफा (३) बमोजिम निम्न पदाधिकारी रहेको दुवै आयोगहरु गठन भई आफ्नो कार्य प्रारम्भ गरेको ।

क) वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (गठन मिति-२०७१/१०/२७)

| | | | |
|---|---|---|---|
| १. | लोकेन्द्र मल्लिक (पूर्व मुख्यन्यायधीश) | महोत्तरी | अध्यक्ष |
| २. | श्री विजुल विश्वकर्मा दुलाल | दाङ | सदस्य |
| ३. | प्रा.डा. श्री विष्णु पाठक | काठमाडौ | सदस्य |
| ४. | श्री नरकुमारी गुरुङ (अधिवक्ता) | स्यांग्जा | सदस्य |
| ५. | आई बहादुर गुरुङ(अधिवक्ता) | पर्वत | सदस्य |

ख) सत्य निरुपण तथा मेलमिलाप आयोग (गठन मिति-२०७१/१०/२७ )

| | | | |
|---|---|---|---|
| १. | सुर्यकिरण गुरुङ (पुर्व राजदुत) | काठमाडौ | अध्यक्ष |
| २. | श्री लिला उदासी (वरिष्ठ अधिवक्ता) | झापा | सदस्य |
| ३. | श्री श्रीकृष्ण सुवेदी (अधिवक्ता) | प्युठान | सदस्य |
| ४. | डा. माधवी भट्ट पराजुली (समाजशास्त्री) | काठमाडौ | सदस्य |
| ५. | श्री मञ्जुला कुमारी झा (उपप्राध्यापक) | महोत्तरी | सदस्य |

- परिवर्तित सन्दर्भमा मन्त्रालयको कार्यलाई पुनरावलोकन गर्नुपर्ने अवस्थामा रहेकोले माननीय मन्त्रीज्यूको उपस्थितिमा सम्बन्धित द्वन्द्वपीडितका प्रतिनिधि, स्थानीय शान्ति समितिका संयोजक, प्रमुख राजनितिक दलका प्रतिनिधि र सरोकारवालाका प्रतिनिधिहरुसँग डडेल्धुरा, नेपालगञ्ज, पोखरा, चितवन र धरानमा क्षेत्रीय शान्ति सम्मेलन मार्फत अन्तरकृया गरी राय सुझाव संकलन गरिएको ।
- सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका व्यक्तिका परिवारहरुलाई उपलब्ध गराईएको रु. ३ लाख राहतमा रु. २ लाख थप गरि रु. ५ लाख पुऱ्याउन नेपाल सरकार (मं. प.) को मिति ०७१/१२/१३ को निर्णयानुसार रु २ अर्ब ५० करोड अर्थ मन्त्रालयमा निकासा माग गरिएको र निकासा प्राप्त भएपछि सबै जिल्लामा रकम पठाई राहतको प्रक्रिया अन्त्य गर्न लागिएको ।
- शान्तिका लागि विकास तर्फ १५१२ र पुनर्निर्माण तथा पुनर्स्थापना तर्फ १२४३ आयोजनाका लागि क्रमशः ५० करोड र १ अर्व २७ करोड ७७ लाख ७१ हजार विनियोजन गरी कार्यक्रम सञ्चालन भैरहेको ।
- हेलो सरकारको गुनासो फछ्र्यौटको प्रगति १००% रहेको ।
- कुल बेरुजुको सम्परीक्षणमा ३२ प्रतिशत प्रगति हासिल भएको ।
- मन्त्रालयको विस्तृत O & M Survey गरी अन्तिम मस्यौदा तयार भएको ।
- मन्त्रालयको दीर्घकालिन रणनीति तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको तथा नेपाल शान्ति कोषको रणनीतिक योजना तयार भई स्वीकृतीको प्रक्रियामा रहेको ।
- राहत वितरण सम्वन्धी कार्य हाल सुचारु अवस्थामा रहेको, राहत सम्वन्धी लगत एकिन गरी अन्तिम प्रतिवेदन पेश गर्न गठित कार्यदल द्वारा आफ्नो कार्य गरीरहेको ।
- पाँचै विकास क्षेत्रमा राहत तथा पुनर्निर्माण सम्वन्धी कार्यको अनुगमन गर्न सह सचिवको संयोजकत्वमा प्राविधिक सहितको अनुगमन टोली गठन भई अनुगमन कार्यलाई अगाडि वढाइएको ।
- मन्त्रिपरिषदमा पेश गरिएका ५ वटा प्रस्तावहरु स्वीकृत भएको ।
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ मा भएको व्यवस्था वमोजिम हालसम्ममा ८ जना सूचना मागकर्तालाइ सूचना उपलब्ध गराइएको ।

( मुकुन्द प्रसाद पौड्याल)
सहसचिव/प्रवक्ता

सह-सचिव